## सारांश

घटनामा जम्मा ३५ जनाको मृत्यु भएको पाईयो । त्यसमध्ये ५ सैनिक र १ प्रहरी गरी ६ जना सुरक्षाकर्मी, २६ जना माओवादी र ३ जना सर्वसाधारण रहेको पाईयो । माओवादीका २४ पुरुष र २ महिला तथा सर्वसाधारण मध्ये १ जना बृद्ध र ४ वर्षको एक बालक समेत रहेको पाईयो । त्यसैगरी सर्वसाधारणका २ घर र १ गोठमा सुरक्षाकमीद्धारा आगो लगाईएको पाईयो । घटनामा सुरक्षाकर्मीको लापरवाहीका कारण उक्त ३ सर्वसाधारणको मृत्यु भएको पाईयो ।

मानबहादुर बजूले सेनालाई आफु सर्वसाघरण भएको र धनजनको क्षति नगर्न प्रष्ट पार्दा पार्दै पनि निजलाई गाली गर्दै गोली हानिएको पाइयो । सर्वसाधरण जनताको भएको क्षति तथा राहतकलागि कुनै पहल नगरिएको पाईयो ।

घटनामा राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय मानवअधिकार सम्बन्धी कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघन भएको पाईयो ।

**मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको आग्रह :**

१. युद्धमा सर्वसाधारण र तिनीहरुको बसोबासको क्षेत्रलाई युद्धस्थल नबनाउन युद्धरत दुबै पक्षलाई आग्रह गर्दछ ।
२. युद्धको समयमा अर्न्तराष्ट्रिय मानवीय कानुनको पालना गर्न दुवै पक्षलाई आग्रह गर्दछ ।
३. युद्धपश्चात् युद्धमा प्रयोग गरिएका युद्ध सामग्रीहरुको उचित व्यवस्थापन गर्न दुवै पक्षलाई आग्रह गर्दछ ।
४. युद्ध पश्चात राज्यले सर्वसाधरण जनताहरुको जीउधनको क्षतिको उचित मुल्याङ्क गरी पीडित परिवारलाई यथाशिघ्र क्षतिपूर्ती दिनको लागि आग्रह गर्दछ ।
५. घटनामा दोषी पाइएका सुरक्षाकर्मीउपर आवश्यक कारवाही गरी सार्वजनिक गर्न आग्रह गर्दछ ।

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC)**
**सचिवालय:** अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
२०६२ माघ १८

## पृष्ठभूमी

ने.क.पा. (माओवादी) ले गरेको एकतर्फी युद्धविराम २०६२ पौष १८ गते भंग भएपछि भएका ठूला भिडन्तहरूमध्ये फापरबारी भिडन्त एक हो । मकवानपुर जिल्ला फापरबारी गा. वि. स. वडा नं. १ झुरझुरेमा २०६२ माघ ८ गते वेलुकी करीव ६ बजे देखि बिहान २.०० बजेसम्म भएको भिडन्तमा शाही नेपाली सेनाबाट व्यापक हवाई आक्रमण समेत भएको थियो । जसले गर्दा मूख्य भिडन्तस्थल भन्दा ४ किलोमिटर टाढा फापरबारी- १ लम्कनामा सुरक्षाकर्मीले हेलिकप्टरबाट प्रहार गरेको वमको छर्राले एक चार वर्षीय निर्दोष बालकको मृत्यु भएको थियो भने युद्धको मुख्य स्थल झुरझुरेमा दुई सर्वसाधारणको मृत्यु हुनुको साथै दुई घर र एक गोठ जलेर नष्ट भएको थियो । त्यस घटनामा मानवअधिकारको व्यापक उल्लंघन भएको अनुमान गरी मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC) को संयोजकत्वमा सात सदस्यीय अनुगमन टोली २०६२ माघ १२ गते घटनास्थलतर्फ प्रस्थान गरेको थियो । टोलीले चार दिनसम्मको अनुगमन अवधिमा घटनास्थलको अध्ययन, विवरण संकलन गरेको थियो । साथै अध्ययनको क्रममा टोलीले प्रत्यक्षदर्शी, स्थानीय वासिन्दा, पीडितको परिवार, आफन्त, युद्धका दुबै पक्षका आधिकारिक व्याक्तिहरू, सुरक्षानिकाय तथा स्थानीय प्रशासन सँग समेत घटनाको सम्बन्धमा छलफल गरी जानकारी हासिल गरेको थियो ।

## घटनाको संक्षिप्त विवरण

हेटौडा नगर पालिकामा अवस्थित कालिबहादुर गण, गौरीगुल्म गण र युनिफाइड कमाण्ड अन्नतरगतका जम्मा १५४ जना सुरक्षाकर्मीहरु २०६२ माघ ५ गते विहान ३.०० बजे हिंड्दै गस्तीमा निस्किएका थिए । माघ ६ गते हटिया र माघ ७ गते हात्तीसुंडे हुंदै माघ ८ गते फापरबारी ६ स्थित लोकहित माध्यमिक विद्यालयमा सुरक्षाकर्मी पुगेका थिए । यसबखत दिउँसोको १२.३० बजेको थियो । उक्त स्थानमा सुरक्षाकर्मीले खाना पकाएर खाएका थिए । त्यसबखत उक्त स्थानबाट सुरक्षाकर्मीले बर्ष ३२ का कृष्ण बहादुर माझीलाई गिरफ्तार गरेको थियो । स्थानीय रेडक्रस संस्थाका उपाध्यक्ष तथा उक्त मा. वि. को व्यवस्थापन समितिका अध्यक्ष भिमप्रसाद घिमीरेज्यूको अनुरोध र रोवहरमा निज कृष्णबहादुर माझीलाई करिब २.०० घण्टा पछि छोडिएको थियो । करिब दिउँसो १.०० बजे लोकहित मा. बि. मा सेना बसिरहेको अवस्थामा मावोवादीका ४-५ जना कार्यकर्ताहरूलाई सुरक्षाकर्मीले फायरिङ्ग गर्दै खेदाएको थियो । यद्यपी मानवीय क्षति नभएतापनि फापरबारी ७ बजारका वासिन्दाहरू आतङ्कित भई सबै पसलहरु बन्द गर्दै घरभित्र बसेको थिए । लोकहित मा.वि., फापरबारी बाट सुरक्षाकर्मी करिब ३.३० बजे अगाडि बढेका थिए । फापरबारी ५, राईटोल हुंदै करिब ५.३० बजे सांझ सुरक्षाकर्मीहरु फापरबारी -१, दमार भन्ने ठाउँमा पुगेका थिए । तलको तस्वीरमा फेदीमा देखिएको घरहरु भएको गाउंलाई दमार भनिन्छ ।



फापरबारी १, दमार, उत्तर बागमती खोला

फापरबारी -१, थली दमार भन्ने ठाउँबाट सुरक्षाकर्मीहरू पूर्वलागि फापरबारी थली तर्फ छरिएर उक्लिएका थिए । बेलुकी ६.०० बजेतिर सुरक्षकर्मीहरू फापरबारी १, थलीमा पुगेर त्याहाँ भएका पाँचघरका वासिन्दाहरूको घरमा सोधखोज तथा खनतलासी गरे । ती घरमा कुनै माओवादीहरु भेटिएनन् । माघ ६ गते देखि थलीमा बसेका करीब २००-३०० हातहतियारसहितका माओवादीहरु उक्त थलीको दक्षिणपट्टीको गाउँ तथा पश्चिम तिरको कान्लामा छरिरएर लुकेकाथिए । तलको चित्र हेर्नुहोस ।



घरको पछाडीको कान्ला तथा देब्रेतिरको गाउंमा (मृतक ३४ बर्षीय मान ब. बज्यूको घर)

बेलूकी करिब ६.१५ बजे गोली पड्कन सुरुभयो । गोली तथा बमको आवाजले त्यो क्षेत्रमा पूरै सन्नाटा छाएको थियो । आतंक र भयबीच त्यस टोलका बासिन्दाहरु सुरक्षित स्थानको खोजीमा रातभर भौतारिदै बिताएका थिए । लडाई बेलुकी ६.१५ देखि सुरुभई राति २.०० बजेसम्म घमासानरुपमा चलेको भएतापनि गोली तथा बम पड्किएको आवज भोली पल्ट (माघ ९ गते) विहान ६.०० बजे सम्म सुनिएको थियो । हेलिकप्टर बस्ने तथा उड्ने क्रम बिहान ९.०० सम्म चलिरहेको थियो । उक्त स्थानलाई सुरक्षाकर्मीहरुले माघ ९ गते दिउंसो २.०० तिर छोडी राईगाउं गाविस तिर लागेको थिए ।

## तथ्य संकलनको उद्देश्य

१. घटनाका सम्बन्धमा सत्य-तथ्य पत्ता लगाउने,
२. घटनाको सत्य-तथ्यसहितको प्रतिवेदन तयार गर्ने ।

## तथ्य संकलन पद्धति

१. घटनाका सम्बन्धमा प्रारम्भिक तथ्य संकलन,
२. घटनाका सम्बन्धमा प्रकाशित सामग्रीको अध्ययन ,
३. घटनास्थलको अवलोकन,
४. घटनाका पीडित, पीडक तथा प्रत्यक्षदर्शीहरुसंग भेट गरी घटनाको विवरण संकलन,
५. घटनाका सम्बन्धमा युद्धरतपक्षहरू राज्य र माओवादी संगको छलफल गरी घटनाको विवरण संकलन ।

## तथ्य संकलन टोली

| | |
|---|---|
| १. कृष्ण प्रसाद सुवेदी | इन्सेक, काठमाण्डौ |
| २. विजय गुईदेल, | कोक्याप, काठमाण्डौ |

| | |
|---|---|
| ३. मीना शर्मा | इह्किन, काठमाण्डौ |
| ४. भोजराज अधिकारी, | मानवअधिकार एलायन्स, काठमाण्डौ |
| ५. राजन अधिकारी, | एड्भोकेसी फोरम, काठमाण्डौ |
| ६. विक्रम लामिछाने, | सिमानाविहिन मानवअधिका, काठमाण्डौ |
| ७. प्रताप विष्ट | मानवअधिकार पर्ष पुस्तक प्रतिनिधि, मकवानपुर |

**घटनामा भएको क्षति तथा प्रभाव**

**घटना मितिः** २०६२ माघ ८ गते बेलुकि ६.१५ देखि माघ ९ गते बिहान २.०० बजे सम्म
**घटनास्थलः** फापरबारी-१, झुरझुरे थली र सोही वडाको लम्काना
**पीडितः** स्थानीय वासिन्दाहरु

**पीडकः** सुरक्षाकर्मी र माओवादीहरू

तालिका १ः मृतकहरुको संख्या तथा विवरण

| क्र. सं. | मृतक | लिङ्ग | उमेर | ठेगाना | पेशा | जम्मा संख्या | घटनाको प्रकृती |
|---|---|---|---|---|---|---|---|
| ०१ | प्रतापसिंह बजू | पुरुष | ८३ | फापरबारी-१, थली, झुरझुरे | खेती | १ | भिडन्तमा लुक्ने क्रममा सुरक्षकर्मीद्वारा चलाईएको गोली लागी |
| ०२ | मानबहादुर बजू | पुरुष | ३४ | फापरबारी-१, थली, झुरझुरे | खेती | १ | भिडन्तमा लुक्ने क्रममा सुरक्षकर्मीद्वारा चलाईएको गोली लागी |
| ०३ | रेशमबहादुर भोलान | पुरुष | ४ | फापरबारी-१, थली, लम्कना | विधार्थी | १ | आफ्नो घरमा सुतिरहेको अवस्थामा हेलिकप्टरबाट खसालिइएको बमको छर्रा लागी |
| ०४ | माओवादीतर्फ (सुनिल, के. स. माओवादीका अनुसार) | २४ पुरुष २ महिला | | | माओवादी | २६ | दोहोरो भिडन्तमा |
| ०५ | सुरक्षाकर्मीतर्फ (कर्णेल श्री अनुसार) | पुरुष | | | ५ सैनिक १ प्रहरी | ६ | दोहोरो भिडन्तमा |
| **जम्मा** | | | | | | **३५** | |

तालिका  २ : सम्पत्ती तथा क्षतिको विवरण

| क्र. सं. | पीडितको नाम | घर जलेको | चौपाया जलको | अन्न | जम्मा अनुमानित मूल्य |
|---|---|---|---|---|---|
| ०१ | सुकदेब वजु | १ घर | ४ गाई<br>कुखुरा १२<br>७ बाखा खसी<br>१ बंगुर | मकै ५० डोको<br>कोदो १० मुरी | १६०,००० |
| ०२ | मान ध्वज मोक्तान | १ घर र १ गोठ | ४ गाई,<br>१ हल गोरु,<br>१० बाखा खसी<br>१२ कुखुरा | कोदो ६० डोका<br>कोदो १० मुरी | १,५०,००० |
| ०३ | लालबहादुर वजु | घर र घरभित्र राखेको लत्ता कपडा तथा सामानहरू गोलीले छिया छिया पारेको | | | १०,००० |
| ०४ | खटक बहादुर वाइवा (वर्ष २५) | घर र घरभित्र राखेको लत्ता कपडा तथा सामानहरु गोलीले छिया छिया पारेको | | | १०,००० |

<u>घटनाका प्रत्यक्षदर्शी तथा पीडितको भनाई</u>

**माइलीमाया बजू -७२ वर्ष,**
**मृतक ८३ बर्षीय वृद्ध प्रतापसिंह बजूकी पत्नी**

२०६२ माघ ६ गते माओवादीको करीब २००-३०० जनाको एउटा जत्था त्यँहा आईबसेको थियो । तीनदिन सम्म तिनीहरु त्याँहबसी गाँउ वरपर खाल्डो खन्ने, गाँउलेले नबुझ्ने भाषामा कुराकानी गर्ने र घर पछाडि खाना पकाउने गर्दथे । गाँउलेले यो सबै अनौठो मानी हेर्दथे । कसैले सोध्ने हिम्मत गरेनन् । तर मैले माओवादी संग सोधें । बाबु किन यस्तो खाल्डो खनेको ? भनेर ।  आमा, पछि मात्रै थाहा हुन्छ भनी खाल्डो खन्ने काममा व्यस्त भए माओवादीहरु ।

माघ ८ गते साँझ ६ बजे करीब ७० देखि १०० जनाको संख्यामा सरकारी सेना घरमुनि रुखको आडमा बसे र दुई वटा ठूला ठूला कुकूरहरू घरको चारैतिर घुम्न थालेका थिए । तर हामीले त्यसलाई ध्यान दिएनौं ।

अध्ययन टोलीले किन ध्यान नदिनु भएको भनी प्रश्न गर्दा उहाँको भनाई :
माघ ८ गते बेलुकी करिब ४ बजे कान्छी बुहारी जमुमाया बज्यु -२५ वर्ष, सुत्केरी भई । हामी सबैको नाति जन्म्यो । हामी सबै खुशी भएका थियौं । बाजे मृतकप्रताप सिहं बजू (वर्ष ८३ मृतक) ले कुखुरा काट्नुभयो, वाहाँपनी निकै खुशी देखिनु भएको थियो । सेना हाम्रो घरमा माओवादी छ कि छैन भनेर हेर्न आयो । मेरो श्रीमानलाई सोध्यो । वाहांले छै न भनेपछी सेनाले रिसाउंदे कुट्न खोज्यो । यो घरको बुढो बाजे हो भने पछि मात्र छोडिदियो । हामी घर भित्र पस्यौं । अचानक बाहिर गोली पड्केको आवज आयो । बम पनि पड्कियो । गोलीले घरका भित्ता छेड्न थाले, आकाशमा हेलिकाप्टर र तल जमिनमा बन्दुक पडकेको चर्को आवाजले घर-जमीन सबै हलिन्न थाल्यो । त्यस्तै एकासि बाहिर उज्यालो देखियो । किन यस्तो उज्यालो भयो भनेर हामी छक्क परेका मात्रै थियौं एक्कासी त्यतिकैमा बम पडकेको ठूलो आवाज आयो। हाम्रो घरके धुरी दनदनी बल्न थाल्यो ।

ढोकाबाट बाहिर निस्कने अवस्था थिएन । सुत्केरी बुहारीले घर पछाडिको काठ माटोको भित्ता लाई भत्काई र चार वर्षीय जेठो छोरोलाई काखमा च्यापी एउटा पेटीकोट लगाएर घर पछाडि बाट भाग्न सफल भइन् । त्यतिकैमा जेठी बुहारी कान्छीमाया बज्यु-३२ ले आफ्नी ५ वर्षकी कान्छी छोरी र ३ वर्षकी साइली छोरी दुवै काखमा च्यापी घर पछाडि भत्काएको बाटोबाट माओवादीले खनेको खाल्डोमा लुक्न पुगिन् । मेरो पनि हंसले ठाँउ छोडी सकेको थियो र हत्तपत्त म पनि त्यहाँबाट भागेर माओवादीले खनेको खाल्डोमा लुक्न पुगे । घरमा भर्खर जन्मेको बच्चा, अन्नपात, भाडाकुडा, सुत्केरीलाई पकाएको मासु सबै भित्र थियो । केही क्षण पछाडि माइलीमाया लुकेकै ठाँउमा करिब आधा घण्टा पछाडी एकजना सैनिक पोशाक लगाएकी महिलाले आमा तपाईको नाति भनेर दिएको सम्झिदा उनी भक्कानो छोडेर रुन्छिन । चारैतिर बम र बन्दुकको आवाज थियो । त्यसमा पनि ज्यान जोगाउँन नजानेका गाँउलेले खाल्डोमा कसरी हिँड्ने, कसरी सुत्ने थाहा थिएन । खाल्डाको छेउमा घोप्टो परेर बसेका बेल मेरो बुढालाई गोली लाग्यो । राती ११.०० बजे हामी सबै तल दमारमा गएर लुकेका थियौं ।

गहभरी आँसुपार्दे माइलीमाायाले यो दुखद घटना सुनाइन् । घटना भएको एक साता बित्न लाग्यो, अहिले सम्म पनि भोक, निन्द्रा लाग्या छैन, जलेका घर, गोठ हेर्दा मन रुन्छ भन्दै उनी भक्कानिदै घुम्न थालिन् ।

**जमु माया बजू-वर्ष २४**
**सुत्केरी**
**मृतक प्रतापसिंह बजूकी कान्छी वुहारी**
मैले बेलुकी ४.०० बजे घरमा छोरो जन्माएकी थिएँ । बेलुकी ६.०० बजेबाट गोली पड्कन शुरु भयो । घरको ढोकाबाट निस्कने अवस्था थिएन । गोली चलिरहेको थियो । घरको भित्तो फोरेर बाहिर भाग्यौं। माओवादीले सुतेर हिंडन भन्यो । हामी सबै आत्तिएका थियौं । बेहोस अवस्थामा लड्दै पड्दै परको खाल्डोमा गएर सुत्यौं । मैल जन्माएको बच्चा छोडेर भागेको थिएं । करिब ७.३० बजेतिर एउटी माओवादी केटीले मेरो बच्चा ल्याएर दिईन् ।

मैल जन्माएको बच्चा अलच्छिना भएकोले बाजे प्रताप सिंह बजू मर्नु परेको हो । बाजेले आफै काटेर पकाएको कुखुरा पनि खान नपाएको बताइन् । गाउँमा त्यस्तो घटना भयो ।

अध्यन टोलीले भेट्दा पनि उनले बच्चाप्रति त्यती आत्मीयता नदेखाएको पाइयो । घरमा खाना नभएर उनले त्यस दिन देखि खोले खाईरहेको बताइन् ।



दिउंसो ४ बजे जन्मेको बच्चा र आमा

**सुकदेब वजु - वर्ष २५**
(मृतक प्रतापसिंह बजूको छोरा तथा सुत्केरी मजुमाया बजूको श्रीमान) को भनाई :

कोदो १० मुरी तथा मकै ८ मुरी भित्राउने सुकदेव वजुको सगोलमा (तीनपरिवारको) एक विगाह खेतबारी छ । यो बाहेक उनको आम्दानीको श्रोत भनेको खोलाको वगर हो । तलको तस्विर हेर्नुहोस ।



भाग्यले साथ दिएमा सुकदेवले आफ्नो परिवार पाल्ने खेती

सुकदेब बजु - दुखः पायो । पैसा भएन कलम कापी किन्न सकेन । पढ्न सकेन । बाउलाई मुटुको रोग थियो । काम गर्न सकेन । त्यही रोगले मर्‍यो । २०३७ साल चैत्र महिनामा जन्मेका सुकदेब आफूले २ कक्षा पढेर छोड्नुको कारण यसरी बताए ।



**वर्ष २३ को सुकदेब बजू (मृतक प्रताप सिंह बजूको छोरा) को जलेको घर**

म फुरफुरे दमारमा घर बनाउने काम गर्दै थिए । आर्मी फापरबारी-६ बाट आयो । बेलुकी ५.४५ मा फुरफुरे दमारबाट भुरभुरे थलीमा चढ्यो । घरमा गएर मेरो परिवार तथा छिमेकीको परिवारलाई माओवादी छ की छैन भनेर सोध्यो । आर्मीहरु आएका थिए । दुई दिन बसे र गए । कता गयो भन्ने हामीलाई थाहा भएन । मेर घरमा बाजे (मृतक प्रतापसिंह)लाई सेनाले हप्काउनदै कुट्न खोज्यो । मेरो हजुरआमाले यो घरको बाजे हो उसलाई केही थाह छैन भनेपछी छोड्यो । तर मेर घर खनतलासी गर्‍यो। केही पनि भेटेन । त्यसै गरेर त्याहां भएका ५ वटै घरमा खनतलासी गरेको थियो ।

बेलुकी ६.१५ देखि गोली चल्न थाल्यो । रातभरी हामी डराउउदैं तल नै बस्यो । भोलि बिहान मेरो घर जलेको र बाजे मरेको थाहा भयो । मलाई घर जान मन लागेन । बेलुकी मात्र पर बाट जलेको घर हेरें । घरको नजिक आउदा बाजेको लाश देखे र मत बेहोश भएछु । साथीभाईले बोकेर छिमेकीको घरमा लगे । अहिले जलेको घर देख्दा रुन मन लाग्दछ । छोरा छोरी के गरेर पाल्ने हो केही थाहा छैन ।

**जलेको घरमा बस्दैआएका परिवारहरु**

१. प्रतापसिंह बजू (बर्ष ८३, मृतक)
२. माइलीमाया बजू (वर्ष ७२, मृतक प्रताप बजूको श्रीमती )
३. सुकदेब वजु (वर्ष २५)
४. जमु माया बजू  (वर्ष २४)
५. दूई छोरा (बर्ष ४ र अर्को छोरा ७ दिनको मात्रै )
६. एक छोरी  (वर्ष ६)
५. सोम बजूको श्रीमती (सुकदेब वजुको भाउजु)
६. चार छोरीहरु (१४ वर्ष देखि ३ वर्षका)

जम्मा : १२ जनाको परिवार

## माइलीमाया बजू बर्ष ३२

(मृतक मानध्वज बजूकी पत्नी)

१४ देखि ५ वर्ष सम्मका ५ नाबालक छोराछोरी मध्ये, ४ छोरा र एउटी छोरी लिई रुँदै दिन बिताइरहेकी छिन् माइलीमाया ।

राती करीब ८ बजे गाँउका घर, गोठ, चौपाया जलिरहेको समयमा सबैलाई घरबाट बाहिर निस्केर घरको उत्तरमा रहेको बारीमा लुक्न भन्नु भयो । घरमा गोली लागिरहेको थियो । हामी सबै सुत्दै बारीमा लुक्न गयौं । त्यतीखेर सम्म छिमेकीको दुइवटा घरहरु जलिरहेका थिए । श्रीमान हामी भन्दा पछि बाहिर आउनुभयो । घरको उत्तरपट्टी पुग्नुभयो र कराउनुभयो । सर हामी जनता हो । हामीलाई नमार । हाम्रो सम्पत्तिको रक्षा गर भन्दै हुनुहुन्थ्यो । उताबाट आवज आयो हात उठा भनेर । उँहाले हात उठाउनु भयो । त्यसपछी राँडीको छोरालाई ठोक भन्यो । उहाँलाई गोली लाग्यो र ढल्नुभयो ।

यी वाक्यहरु सहित माइलीले आँसु पुछिन र केही समय चूप लागिन् । त्यसपछि उनले थपिन् "खोले पकाएर बच्चाहरुलाई थोरै-थोरै खुवाउदै आएकी छु । त्यस पछि आफैले प्रतिप्रश्न गरिन् अब म के गरुँ ? बच्चा सानो छ । खाना ल्याउ भन्दा म कहाँबाट दिउँ ? बच्चा सानो छ कमाउने कसले ? खाने मात्र बच्चा छ म के गरुँ ? बूढो भएको भए गाउँले पत्याउथ्यो र खोजेर खाना ल्याउथ्यो अब कसले खाना ल्याउने ? श्रीमान् नभएपछि मान्छेले मान्छेलाई पत्याउदैन । अब म बच्चा बोकेर कहाँ जाने ?
खेत छैन सानो बारी मात्र छ, वर्ष दिन खाने मकै पनि उम्रिदैन, कसरी बाच्नु ? छोराहरु साना छन् ,गोरु नार्न र फुकाउन पनि जान्दैनन् । यस्ता प्रश्नहरु उनी समय-समयमा रोकिदै बोल्दै थिइन् । उनको भनाइ थियो, भिड्न परे पनि जनमुक्ति सेना र सरकारी सेना जंगलमा जानु। हामी सोझासाझाहरूले दुःख गरी खाने गाउँमा भिडन्त नगरे हुन्थ्यो ।
छोराहरु जीवन बज्यू १२ वर्ष , विष्णु बज्यू ८ वर्ष, सोममाया बजू १० वर्ष, पनि आमा सँगै टासिएका थिए र घर पछाडि सेनाले माओवादीका लास लागि खाल्डो खनी पुरेकोमा पनि त्रसित देखिन्थे । तलको तस्वीर हेर्नुहोस ।



मृतक मानबहादुर बजूको परिवार र वासस्थान

माओवादीमा संलग्न नभएको सोझो, मृतक मानबहादुर बजू वर्ष ३४ खेतीकिसानी काम गर्ने गर्दथे । त्यही दिन माओवादीलाई कुनै घटना हुन्छ भनी सोद्धा कुनै घटना घट्दैन ढुक्क भएर बस्नुहोस् भनेका थिए । तर उनले नै मर्नु पर्‍यो नाम नबताउने सर्तमा एक जना छिमेकीको यस्तो भनाई पाइयो ।



मृतक मान बहादुर बजू

**मानध्वज मुक्तान**

राती ८.३० बजे मेरो घरमा आगो लाग्यो । घर र गोठ सबै जलेर नष्ट भयो । म तल दमारमा बसेको थिएं । भोलिपल्ट माघ ९ गते १०.०० बजे विहान थाहा पाएँ । मलाई घर हेर्न जान भने । तर मलाई जान मन लागेन । सोही दिन बेलुका ४.०० बजे तिर टाढाबाट जलेको घर हेरें । विस्तारै घर नजिक आएं । आंसु झर्‍यो । रोएर वसे । हरे शिव ! या विजोक । खाई न खाई बनाएको घर र जोडेको सम्पत्ति सबै खरानी भयो । लाला बाला कसरी पाल्ने यही चिन्ता छ ।

एउटा आगोको मुस्लो पूर्वतिरबाट आएर मेरो घरको छानामा लागेको रहेछ । छिमेकीले भन्दा थाहा पाए । त्यो आगोको मुस्लो सेना बसेको ठाउंबाट आएको हो भनेर छिमेकीहरुले भनेको हुन् ।

**खटक बाहादुर वाइवा** (वर्ष २५)
घटना स्थलको उतर पटीको पहिलो घर

बेलुका पूर्वपट्टी सेना आएको रहेछ । बोलाएर सोधे तिम्रो घर कहाँ हो, काहाँ गएर आएको भने । मैले घर यही हो भने। । मकैमा पानीलगाएर आएको भने । जाऊ भन्यो । एकछिनपछि गोली चल्न थाल्यो । माओवादी हरुले बाहिर निक्लिएर भाग भाग भने ।  गोली चलेको कारण कारण घरबाट नक्लिन सकिएन । श्रीमति माइत गएकी थिई । म, भान्जी र दाइको छोरी मात्र घरमा थियौ । दराजको कुनामा तिनैजना लुक्यौं । काठको घर फोरेर गोली भित्र पस्यो । सबै लुगा गोलीले खतम पार्‍यो । गाग्री लोटा भीत्ता कुनै खाली छैन । चुलो अगेनो सबै भत्केको छ । खोले पकाउनका लागी यी ढुंगा ल्याएको हो ।

जब उसको घर जल्यो अब चै मरिने भयो भनेर मरेपनि गोली लागेर मरु भन्दै पस्चीम पट्टीको झ्याल बाट छोरीलाई काखमा लिएर भान्जीलाइ समातेर हामफाले । भान्जी र छोरीलाई केही भएन । एउटा उज्यालो बलेर आयो र त्यो प्रताप सीह बजूको घरमा लाग्यो । आगो दनदनी बल्यो । सबै उज्यालो भयो । ५ वटा घरमा २ वटा घर र १ वटा गोठ डढ्यो । अन्न पात सबै डढ्यो ।

**हाजिरमान रुम्ब, वर्ष ४२,**
**स्थानीयवासी**

घरको वरिपरी सेना थिए । मृतक प्रतापसिंहको घर पछाडि सेना थियो । घर पछाडि बारीमा प्याज रोपेको थियो । त्यसको छेउमा खर थियो । पहिले खरमा आगो लाग्यो । करिब ३० फिट लामो तथा २० फिट चौडा भएको गोठलाई छाउने खर थियो । त्यसमा आगो लाग्यो र घर जल्यो । हामी सबै मान ब. बजूके घरमा लुक्न गएको थियौं । त्यसपछि हामी मृतक मानबहादुरको घरमा लुक्यौं । जब मानध्वजको घरमा आगो लाग्यो हामी बारीको खाल्डोमा लुक्न गयौं । राती ११.०० बजे तिर माओवादीहरुले हामीलाइ तल थली दमारमा सुरक्षाको लागि लगे ।

घर गोठ जल्दा २ वटा गाई , २ वटा गोरु , ४ वटा बाखा , १ बंगुर तथा अन्नपात लुगाकपडा साथै सबै जल्यो । यी घर गोठ सेनाले ट्रेसर बाट आगो लगायो ।

**भीम प्रसाद घिमिरे**
उपाध्यक्ष, नेपाल रेडक्रस सोसाइटी उपशाखा, फापरबारी

भोलिपल्ट हामी ३२ जनाको समुहमा करिब १०.३० बजे घटनास्थल पुग्न लागेका थियौं। तर सेनाले आक्रोशित हुदैं हामीलाई रोक्यो । हामीतिर हतियार तेर्सायो । हामीले जय रेडक्रस भन्दै करायौं । रेडक्रसको झण्डा उठायौं । सेनाले हात उठा भन्यो । हामीले हात उठायौं । पछाडि फर्क भन्यौं । हामी हात उठाउदै पछाडि फर्कियौं । स्वास्थयकर्मी केशव तिमिल्सनालाई बोकेको समानसहित बोलायो । औषधीहरु हेर्‍यो । हामीलाई तल फर्कन भन्यो । खवर गरे पछि मात्रै आउन भनियो । १२.३० बजे सम्म तल नै बस्यौं । त्यसपछि सेनाले घटनास्थल जान बोलायो ।
गोलीका खोका, बमहरुले घटनास्थल भरिएको थियो । माओवादीका १३ वटा लासहरू तथा सर्वसाधरणका २ लासहरू हामीले देख्यौं । १३ लाश भएको ठाउंमा २ जना मान्छेलाई बांधेर सुताएको थियो । ती सर्वसाधरणलाई आर्मीले माघ ९ गते विहान सर्चको क्रममा गिरफ्तार गरेको रहेछ । थिलथिलो पारेर कुटिएका सर्वसाधरण बुद्ध बजू (वर्ष १८) र रमेस थिङ (वर्ष २०) लाई सेनाले हेटौडा पुर्‍याएको सुन्नमा आयो ।

## सुरक्षा निकाय तथा प्रशासनको भनाई

### सुरेन्द्र बानिया, कर्णेल, कालीबहादुर गण, हेटौडा

हामी नियमित गस्तीको क्रममा फापरबारी पुगेका थियौं । त्यसबखत सांझको ६.०० बजेको थियो । ६.३० बजे देखि युद्ध शुरु भएको हो । माओवादीले फायर गरेपछि हामीहरुले फायर खोलेका हौं । फायरको क्रममा २ जना गाउंलेको मृत्यु भएको हो ।
त्यस्तै लम्कानामा १ बालकको मृत्यु हुन पुग्यो । रणकौशलको आधारमा हेलिकप्टरबाट बम प्रहार गरिएको हो । युद्धस्थल भन्दा बाहिर बम खसाल्नुको कारण माओवादीका नेता तथा लडाकुलाई लक्षित गरिएको हो । माओवादीले सर्वसाधरण नागरिकको घरमा सेल्टर लिनुभएन । त्यही कारण ती घरहरुमा व्यापक गोली हान्नु पर्‍यो । उक्त घटनामा दुई जनालाई गिरफ्तार गरिएको थियो । तिनीहरुलाई हेटौडामा हेलिकप्टरमा राखेर ल्याइयो । त्यही ठाउँमा राख्दा केटाहरुले रिसको झ्वाकमा कुटपिट गर्लान कि भनेर मैलै हेटौडमा ल्याउन लगाएको हुं । दुई दिन पछाडि छोडिए ।

आर्थिक क्षतिपूर्तीको सवालमा राखिएको प्रश्नका जवाफमा उहाले भन्नुभयो - हामी वर्षमा २/३ चोटी मात्र गस्तीमा त्यस क्षेत्रमा पुगेको छौ । घटना भएको भोली पल्ट हामीले उक्त ठाउा छोडेका थियौं । वास्तविक भएको क्षति मानवअधिकावादी तथा पत्रकारको टोलीले ल्याएको विवरणका आधारमा नै हामी पहल गर्ने छौं ।

सर्वसाधरण मृतकका परिवारलाई हामीले राज्यको पक्षबाट पाउने क्षतिपूर्तीकालागि निर्णय गरी केन्द्रमा पठाएका छौं । यसकासाथै गैरसरकारी क्षेत्र तथा गणकोतर्फबाट पनि हामीले सक्दो सहयोग गर्ने र मृतकका बच्चाहरुकालागि उचित शिक्षा आदी को व्यवस्थाको लागि पहल गर्दै छौं । युद्धको क्रममा हाम्रो तर्फ ६ जना सुरक्षाकर्मी (एक जना प्रहरीले) वीरगती प्राप्त गरे । घाइते १८ जना थिए । सातजना उपचारपछी फर्किएका छन् । बााकी ११ जना उपचारको क्रममा अस्पतालमा नै छन ।

**मोदराज डोटेल, प्रमुख जिल्ला अधिकारी, मकवानपुर**
क्रस फायरमा परेका दुई जनालाई हामीले क्षतिपूर्ती दिने निर्णय गरेका छौं । थप एक बालक मरेको सवालमा पत्रकार तथा मानवअधिकारकर्मीबाट थाहा पायौं । यसबारेमा हामी तुरुन्त पहल गर्ने छौं । माआ्वादीको आशंकामा पक्राउ गरिएका २ जनालाई पनि छोडिएको छ । नियमित गस्तीको क्रममा दोहोरो भिडन्त भएको हो । पीडित परिवारलाई मानवअधिकारकर्मी र पत्रकारको रोवहरमा क्षतिपूर्ती प्रदान गरिनेछ । युद्ध पछी बन्द भएको यातायात (हेटौडा देखि फापरबारी हुदै राईगाउं सम्मको)  सेवा संचालन गर्न निर्देशन दिएको छु ।

## माओवादीको भनाई

**सुनिल, केन्द्रीय सदस्य, नेकपा माओवादी**
घटना फापरबारीको झुरझुरेमा भएको हो । हाम्रो इलाकामा राज्य पक्षको सेनाको अनावश्यक निगरानी र खानतलासीलाई तोड्न गस्तीमा आएका सेनाहरुलाई रोक्ने उद्देश्यले उक्त भिडन्त भएको हो । यो भिडन्त हाम्रो योजना मुताविक थिएन । सेनाहरु ३ दिनदेखि हेटौडाबाट हाम्रो क्षेत्रमा खोजतलास र जनतालाई अनावश्यक आतंकित गर्दै हिडेका थाहा पायौं । उनीहरुलाई कुनै खुला ठाउामा आएपछि सामान्य अवरोध गर्ने क्रममा थियौं तर २०६२ माघ ८ गते दिउासो ११ बजे उनीहरुले फापरबारी वडा नं. ६ मा आएर हाम्रा साथीहरुलाई लक्षित गरी ७-८ राउण्ड गोली चलाए । बेलुकी ६ बजे झुरझुरेमा पुगेपछि पनि गोली चलाए । त्यसको प्रतिक्रिया स्वरुप हाम्रा साथीहरुले गोली चलाउँदा भिडन्त भएको हो । भिडन्त बेलुका ६ वजे देखि राती २ बजे सम्म भएको थियो । जनमुक्तिसेना राती २ बजे Retract भएको थियो । राति ८ बजे देखि हेलिकप्टरबाट अन्धाधुन्द बम खसाल्दा र घरमा आगो लगाई दिँदा सर्वसाधारण र ४-५ किमी टाढाका बालकको समेत मृत्यू भएको हो । घटनाको भोलिपल्ट हामीले घटनास्थलमा शोकसभाको कार्यक्रम राखी सेना कै कारणले सर्वसाधारणको ज्यान गएको भएतापनि हाम्रो इलाका भएकोले पीडित परिवारलाई क्षतिपूर्ति स्वरुप रु. ५०००/-दिने घोषणा गरिसकेका छौं । पीडित बालकको परिवारलाई भेट्न भोलिपर्सि १३-१४ गते जाादै छौं ।

शाही सेनातर्फ ६४ जनाको मृत्यु भएको हाम्रो कब्जामा लिएको उनीहरुको सञ्चारसेटबाट सुनिएको हो । गाउँलेहरुले पनि आफ्नो घरमा भएको रेडियो सेटमा सुनेका हुन् । हाम्रोतर्फ २६ जनाको मृत्यू भएको हो । शाहिसेनाले सर्वसाधारणको हत्या गरेको हो । उसैले घरमा आगो लगाएको हो ।

अन्तराष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारप्रति एक हदसम्म हामी प्रतीबद्ध छौं । युद्धको अवस्थामा स्थानीय व्यक्तिहरुलाई जनसेनाले नै उद्धार गरेको थियो । सकेसम्म मानवीय क्षति नहोस भन्नकोलागि हामीले थलीमा सेनालाई घेराबन्दी गरेको हो । थली दमारमा हामीले आक्रमण गरेको भए सेना सखाप हुने थियो साथै धनजनको पनि ठूलो क्षति हुनेभएकाले हामीले थली झुरझुरेमा सेनालाई घेरबन्दी गरेको हौं ।
हाम्रो सैन्य संरचनामा बालबालिकालाई प्रयोग गरिएको छैन । जुन परिवारका आमा र बुबा दुबै पुरा समय माओवादी पार्टीमा क्रियाशील भएको अवस्थामा उहाँका छोरा छोरीले हामी संग हिड्न पाउने की नपाउने ?
हाम्रो लडाई न्यायका लागि राजनीतिक उद्देश्यका साथ लडेको लडाई हो ।

**भिम पाखीन (वर्ष २५)**
का.मु.जिल्ला जनसरकार प्रमुख, मकवानपुर

हाम्रो यो मोर्चाबन्दी लडाईं हो । दुश्मन आएपछि हामीले लडाई जारी राख्यौ । लडाईंका क्रममा स्थानीय जनताहरू पनि परे । लडाईंका क्रममा गाउँलेलाई जानकारी दिन सकिएन । तरपनि सुत्केरी महिलालाई उद्धार गरीयो । सेनाले गाउँलेलाई निशाना बनायो । म गाउले हुँ भनेर हात माथि उठाउँदा समेत निशाना बनायो ।

हाम्रो लडाईं बेलुका ६.४५ बजेबाट सुरुभयो । वरिपरीवाट सेनालाई हाम्रो सेनाले घेरेको थियो । युद्ध रातको मध्यसम्म लडियो । यतिनै सेनातर्फ क्षतिभयो भन्ने हामीलाई थाहाभएन कारण हामीले लास गनेनौ । हाम्रा सेना ७०० भन्दा बढी थिए । लडाई आमने सामने भयो ।

बेलुका ८ बजेतिर हेलिकप्टर आयो । हाम्रो सेनाले शाहीसेनाको सञ्चार सेट कब्जा गरेको थियो । जसमा उनिहरूले ६० सेना मरीसके तुरुन्त हेलीकप्टर ल्याउनुपर्‍यो नत्र हामीले आत्मसर्मपण गर्छौ भनेका थिए । सेनाले विहान सर्च पनि गरेन कारण उसको धेरै क्षति भएको थियो ।
शाहीसेनाले त्यहाँ घर जलाएको थियो । घर जलाउनुपर्ने कारण भने हेलीकप्टरलाई यस स्थानमा लडाईं भैरहेछ भन्ने जानकारी दिन हो । सेनाले घर आगोलगाएपछी त्यहाँ ८० एम एम को सेल झारेको थियो । सेनाले घर भएको स्थानमा बमवार्डी गर्‍यो जसको कारण बालक समेत यूद्धको शिकार भयो । हाम्रा अधिकांश सेनाहरु कम्ब्याट ड्रेसमा थिए । केही स्वयंसेवी थिए ।

**फापरबारी-१, लम्कना**
**मृतक : रेशम बहादुर भोलान**
**वर्ष ४**
**पेशाः विद्यार्थी**
**कक्षा १ सृजन कल्यान प्रा. वि.**
**घटनास्थलः फापरबारी गाविस वडा नं. १, लम्कना, मकवानपुर**

**मृतकको पारिवारिका विवरणः**

बाजे रामबहादुर भोलान वर्ष ४५, बज्यै कान्छी मायाँ भोलान वर्ष ४६, ठूलो बाबु ज्ञान बहादुर भोलान वर्ष २६, ठूलीआमा चौधरी मायाँ भोलान वर्ष २५, बाबु मानबहादुर भोलान वर्ष २४, आमा ठूलीमायाँ भोलान वर्ष २४, काकाहरु केशरबहादुर भोलान वर्ष १६, नेकबहादुर भोलान वर्ष १४, रेलबहादुर भोलान वर्ष ९, एकबहादुर भोलान वर्ष ७, फुपु युवरानी भोलान वर्ष २० विवाहित, सरिता मायाँ भोलान वर्ष १८, ठूलो बाबु पट्टीको दिदी बहिनी ३ जना, आफ्नै दिदी बहिनी २ जना जम्मा परिवार संख्या १८ जना । फोटो हेर्नुहोस् ।



**आर्थिक अवस्था:**
१८ जनाको परिवार पाल्ने मुख्य आय आर्जनको स्रोत भनेको खेती किसान र ज्याला मजदुरी रहेको छ । जम्मा दशहलको मेला (करिब १ बिगाहा) जमिन आफ्नो रहेको र उक्त जमिनको आयस्ताले ५ महिना मात्र खान पुग्ने बताए । सबै छोराछोरी गाउँको प्रा.वि. मा ४/५ कक्षामा पढ्दै छोडेको र हाल ५ जना साना कक्षाका बालबच्चा मात्र विद्यालय जाँदै गरेका छन् ।

**घटनास्थलको विवरण:**
घटनास्थल मकवानपुर जिल्ला फापरबारी गाविस वडा नं. १ लम्कना भन्ने ठाउमा पर्दछ । यो जिल्ला सदरमुकामबाट करिब ५६ कि.मी., फापरबारी गाविस वडा नं. ५ फापरबारी बजारबाट करिब ९ किलोमिटर र राज्य पक्ष र विद्रोही पक्षबीच भिडन्त भएको मुख्यस्थल फापरबारी झुरझुरेबाट करिब ४ कि.मी. उत्तर पूर्वमा पर्दछ । घटना भएको क्षेत्रमा करिब ५०० मिटर भित्र जम्मा १४ घर परिवार रहेको र उक्त घर अन्य घरहरु भन्दा करिब १०० मिटर उत्तर जंगल तर्फ माथिल्लो भागमा अवस्थित छ । घरको उत्तरतर्फ घर पछाडि १२ मिटरको दुरीमा ढुंगा र माटो मिसिएको बगर प्रकृतिको बारीमा ८१ सेल नामक बम खसी जमिनमा करिब डेढ फिट गहिरो १ फिट फराकिलो खाडल बनाएको पाईयो । बारी वरिपरी बमका छर्राहरू यत्रतत्र छरिएको अवस्थामा देखियो र उक्त बमका छर्राहरूले घरको पछिल्लो तर्फबाट ३४ वटा प्वालहरू बनाई भित्र छिरेको देखिन्छ । त्यसैगरी नजिक रहेको बाासघारीमा ३ वटा बाास र २ वटा रुखका ठूलो हाागालाई छिनाली गएको र ठूला रुखको फेदमा ५/६ वटा ठूला चोट लागेको पाइयो । त्यसैगरी करिब १५० मिटर पश्चिमतर्फ रहेको अर्को घरको छानाको ३ वटा टायल समेत फुटाएको पाईयो ।

उल्लेखित बमका छर्राहरूमध्ये १ ले घरको दोश्रो तल्लामा सुतिरहेको रेशम बहादुर भोलानको टाउकोमा लागि घटना स्थलमा नै निजको मृत्यू भएकोमा तेश्रो दिन गाउालेहरूको सरसल्लाहमा आफ्नो परम्परा अनुसार लासको अन्त्येस्टी गरिएको पाईयो ।


मृतक बालक यही घरको माथिल्लो तलामा सुतेका थिए

**रामबहादुर भोलान**
**मृतकको बाजे**
२०६२ माघ ८ गते बेलुकि पख करिब ६ बजेतिर हामी सबै परिवार घर मै थियौं । त्यत्तिकैमा झुरझुरे तर्फ गोली पडकिएको आवाज आईरहेको थियो । करिब २ घण्टा पछि आकाशमा हेलिकोप्टरहरु नजिकै घुम्न थाल्यो । हामीहरु खाना बनाउने तर्खरमा थियौं । २ जना नातिनातिना (रेशम र डिल कुमारी) माथिल्लो तल्लामा सुतिरहेका थिए । अन्य सबै परिवार भुँई तल्लामा थियौं । हेलिकोप्टर घुम्न थालेपछि ठूलाठूला पड्किएको आवाज आउन थाल्यो । त्यहि क्रममा मेरै घरमा खसे जस्तै गरी एक ठूलो आवाजमा आयो र जमिन समेत हल्लियो । हामी बेहोस भयौं र सबै भुँईमा घोप्टो पर्‍यौं । एक छिनमा उठेर छोरा मानबहादुर र छोराछोरी सुतेको माथिल्लो तल्लामा  गयौं । टाउकोबाट गिदी निस्कीएको छोरालाई रुँदै काखमा बोकेर ल्याई मलाई दियो हेर्दा मरिसकेको रहेछ । अर्को नातिनीलाई बोकेर भुँई तल्लामा झार्‍यौं । उसलाई चोटपटक लागेको थिएन तर बेहोस थिई । उसको होस बिहान ४ बजेतिरमात्र आएको हो । परिवारमा रुवाबासी चल्यो । फेरी पनि नजिकै रहेको बाग्मति खोला र ज्यामीरेतिर बम खसेको सुनियो । त्यसपछि आफ्नो घरमा बम खस्ने हो कि भन्ने डरले मरेको नातिलाई घरमै छाडेर बाँकी १७ जना करिब १०० मिटर तल रहेका छिमेकीको घरमा झरी रात भरी त्यँही बसी भोलिपल्ट बिहान ७ बजे मात्र छिमेकीहरु सहित घरमा आई हेर्दा घरको पछाडि बम खसेको र त्यही बमको छर्राले नातिको टाउकोमा लागी मरेको रहेछ भन्ने थाहा पायौं । भोलिपल्ट अर्थात २०६२ माघ ९ गते दिनभरी परिवार र गाउँका मान्छेहरु समेत शोकाकुल भए । त्यसभन्दा बाहेक कोही पनि बाहिरका मानिसहरु आएनन् । पर्सीपल्ट १० गतेको दिन ३.३० बजेतिर गाउँलेहरुको सल्लाहमा नातिको दाहसंस्कार गरियो ।

मृतकका बाबु मानबहादुर भोलानको भनाई पनि एकै व्यहोराको रह्यो भने आमा ठूलीमायाको रुदारुदै आाखा समेत सुन्निएको देखिन्थ्यो । उनी केहि बोल्न नसकेकी रोईरहेकी थिईन ।

**हरि बहादुर मगर, वर्ष २२, सोही गाविस**

मिति २०६२ माघ ८ गते आफ्नो खेतको काम सकी ५.३० बजेतिर घर फर्की सकेको थिएँ । घरमा बस्दाबस्दै ६ बजेतिर झरुझुरेतर्फ गोली चलेको आवाज सुनें । हामी परिवार के भए छ भन्दै घरभित्र कुराकानी गर्दै बसिरहेका थियौं ।  करिब दुई घण्टा पछि अर्थात ८ बजेतिर ठूलोठूलो पड्किएको आवाज आउन थाल्यो ।

त्यसैं क्रममा ३ वटा आवाजज्यादै ठूलो थियो । हामीले वरपर नै कुनै बम खसेको हो की जस्तै ठान्यौं र डरले सबै परिवार एकै ठाउँमा भेला भई रात भरी डराई डराई बस्यौं । रातभरी नै गोली र बमका आवाजहरु आईरहेका थिए । बिहान ७ बजेतिर घरबाट निस्केर छिमेकीहरुसंग कुराकानी गर्दा मानबहादुरको घर नजिकै बम खसी निजको छोरा रेशमबहादुर मर्‍यो भन्ने थाहा पाएर त्यतै जाँदा निज मानबहादुरको परिवार शोकाकुल थियो । रेशमबहादुरको लास घरको पिढींमा सुताई राखेका थिए । घर पछाडि बम खसी घर र वरपर रुखमा बमका छर्राहरुले चोट बनाएको थियो । दिनभरी त्यत्तिकै डरत्रासमा वित्यो । पर्सीपल्ट १० गतेको दिन रेशमको दाहसंस्कार गरियो । सरकार माओवादी लडाईं गर्छन । बिनाकारण हामी गरीबहरूको घरमाथि बम खसाली नोक्सान पुर्‍याउँछन् । त्यस्तो तुरुन्त बन्द गराईदिन तपाईहरुलाई अनुरोध गर्दछौं ।



मृतक बालक रामबहादुर भोलनको घर पछाडि करिब १२ फिट पर खसालिएको बमले पारेको प्वाल



**निष्कर्ष:**

१. घटनामा जम्मा ३५ जनाको मृत्यु भएको पाईयो । त्यसमध्ये ५ सैनिक र १ प्रहरी गरी ६ जना सुरक्षाकर्मी, २६ जना माओवादी र ३ जना सर्वसाधारण रहेको पाईयो । माओवादीका २४ पुरुष र २ महिला तथा सर्वसाधारणमध्ये १ जना बृद्ध र ४ वर्षको एकबालक समेत रहेको पाईयो । त्यसै गरी सर्वसाधारणका २

घर र १ गोठमा सुरक्षा निकायबाट आगो लगाईएको पाईयो । घटनामा सुरक्षाकर्मीको लापरवाहीका कारण तीन सर्वसाधारणको मृत्यू भएको पाईयो ।

२. मृतक प्रतापसिंह बजू र मानवहादुर बजू को मृत्यु सेनाद्वारा प्रहार गरिएको गोलीले भएको हो । सेनाको लापरवाहीका कारण यी दुईजनाको अनाहकमा ज्यान गएको छ । मान बहादुर बजूले सेनालाई आफू सर्वसाधरण भएको प्रष्ट पार्दा पार्दै पनि गाली गर्दै निजलाई गोली हानेको पाइयो । मृतक बालकको सवालमा पनि शाही सेना कै लापरवाहीपुर्ण बम खसालेका कारण मृत्यु भएको पाईयो ।

३. घटनास्थलको प्रकृति तथा प्रत्यक्षदर्शीका अनुसार आगो लगाईएको दुई घर वरपर नै माओवादीले मोर्चा बाँधेको हुँदा आगोको उज्यालोले माओवादीलाई नोक्सान हुने र सुरक्षा निकायले माओवादीलाई प्रहार गर्न सजिलो हुने तथा आगोको कारण रातको समयमा युद्धस्थल पहिचान गरी बम प्रहार गर्न हेलिकोप्टरलाई सहज हुने हुनाले सुरक्षाकर्मीले नै उक्त घरहरुमा आगो लगाईएको पाईयो । उक्त घरहरुमा आगो लगाउनु पुर्व हेलिकोप्टरबाट प्रहार गरिएका बमहरु युद्धस्थल भन्दा करिव ५ कि. मि. पर खसेको पाइयो ।
४. युद्ध रणनीति अनुरुप नै घटनास्थल भन्दा बाहिर बम खसालेको सेनाको भनाई रहेको सन्दर्भमा सेनाले नै उक्त स्थानमा  बम खसालेको र त्यसबाट बालकको मृत्यू भएको देखिन्छ ।
५. पीडित बालकको परिवार र प्रत्यक्षदर्शीको भनाई अनुसार सेनाले पटकपटक हेलिकोप्टर आफ्नो गाउँ माथि उडाएको र ३ वटा बम खसालेको पाईयो  ।
६. घटना पछि माओवादीले मृतकका दुई परिवारलाई रु. ५०००/- हजारका दरले क्षतिपूर्ती दिएको र मृतक बालक रेशम बहादुरको हकमा भने क्षतिपुर्ति दिने योजना रहेको भन्ने पाइयो ।
७. भिडन्त पछी सेनाले आफ्नो कब्जामा लिएको उक्त स्थलमा सेनाले गर्नुपर्ने सामान्य मानवीय कार्यहरु जस्तै छरपस्ट अवस्थामा रहेको गोला बारुदहरुलाइ हटाउने कार्य नगरेको पाइयो । करिब दूइ डोका गोलीका खोकाहरु तथा प्रशस्तमात्रामा रहेका गोलीहरु यत्रतत्र छरिएर रहेका थिए । स्थानीय गाउँलेहरुले नै पन्छाएको पाईयो ।
८. सर्वसाधरणको क्षति तथा राहतकलागि राज्य पक्षले पहल गर्दै गरेको जानकारी गराइएता पनि हालसम्म पीडितका परिवारले कुनै क्षतीपूर्ती  उपलब्ध नगराइएको पाईयो ।
९. घटनामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धि कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघन भएको पाईयो ।

**सुझाव**

**मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको सुझाव :**

१. युद्धमा सर्वसाधारण र तिनीहरुको बसोबासको क्षेत्रलाई युद्धस्थल नबनाउन युद्धरत दुबै पक्षलाई आग्रह गर्दछ ।
२. युद्धको समयमा अर्न्तराष्ट्रिय मानवीय कानुनको पालना गर्न दुवै पक्षलाई आग्रह गर्दछ ।
३. युद्धपश्चात् युद्धमा प्रयोग गरिएका युद्ध सामग्रीहरुको उचित व्यवस्थापन गर्न दुवै पक्षलाई आग्रह गर्दछ ।
४. युद्ध पश्चात राज्यले सर्वसाधरण जनताहरुको जीउधनको क्षतिको उचित मुल्याङ्क गरी पीडित परिवारलाई यथाशिघ्र क्षतिपूर्ती दिनको लागि आग्रह गर्दछ ।
५. घटनामा दोषी पाइएका सुरक्षाकर्मीउपर आवश्यक कारवाही गरी सार्वजनिक गर्न आग्रह गर्दछ ।

अनुसूची

# मकवानपुरको फापरबारी गा.वि.स.मा भएको भिडन्त

सुरक्षाकर्मी र मावोबादीवीच भएको लडाई भएको मिति : २०६२ माघ ८ र ९ गते
समय : शनिबार बेलुकी ६ बजे देखि आइतबार विहान २.०० बजे सम्म

राजनीतिक विभाजन
जिल्ला मकवानपुर
निर्वाचन क्षेत्र नं. १
इलाका नं १
गाविस : फापरबारी
वडा नं. १, झुरझुरे

**जनसंख्या :**

| | |
|---|---|
| पुरुष | : १९९१४४ (५२.७२५) |
| महिला | : १९३४६० (४९.२८५) |

जनजातीको आधारमा जनसंख्या

| | |
|---|---|
| तामाङ्ग | : ४७.३४ |
| ब्राहृण | : १४.९८ |
| क्षेत्री | : १०.५६ |
| नेवार | : ६.८१ |
| अन्य | : बांकी |

**मातृभाषा**

| | |
|---|---|
| तामाङ्ग | : ४५.२५ |
| नेपाली | : ४३.४२ |

**धर्मको आधारमा**

| | |
|---|---|
| हिन्दु | : ४९.३६ |
| बौद्ध | : ४७.६३ |
| क्रिश्चियन | : २.१० |
| अन्य | : बांकी |

**स्वास्थ्य**

| | |
|---|---|
| | : १ डाक्टर बराबर ४३००० जनता |
| | : १ शैया बराबर ८००० जनता |
| जिल्ल अस्पताल | : एक (५० शैया) |
| स्वास्थ्य केन्द्र | : ४ |
| स्वास्थ्य चौकी | : १० |

| | | |
|---|---|---|
| उपस्वास्थ्य चौकी | : ३१ | |

<u>फापरबारी गाविस</u>

| | | |
|---|---|---|
| घरधुरी | : २६५६ | |
| जम्मा जनसंख्या | : १६६७६ | |
| पुरुष | : ८४२७ | |
| महिला | : ८२४९ | |
| क्षेत्रफल | : १७६.३२ | |
| | | |
| साक्षरता | : २५.०१ | धियाल १८.७१, पदमपोखरी ६०.४६ |
| बाखाविकास कार्यलय सेवाकेन्द्र | : १ (जम्मा ६ जिल्लामा) | |
| स्वास्थ्यचौकी | : १ (जम्मा १० जिल्लामा) | |
| दुरसञ्चार | : छैन | |
| बिजुली | : छैन | |
| इलाका हुलाक | : १ | |
| खानेपानी | : पाइप, मूल, र इनार र कुवा | |
| **खाधान्न पर्याप्ताको स्थिति** | : | |
| ६ महिना खान पुग्ने | : ४८ प्रतिशत | |
| एक वर्ष खान पुग्ने | : ३० प्रतिशत | |
| तिन महिना खान पुग्ने | : १५ प्रतिशत | |
| खाघन्न बचत | : ७ प्रतिशत | |

**विध्यालय**

| | |
|---|---|
| माध्यमिक | : १ (जम्मा ५५ मावि र ४६ निमावी जिल्लामा) |
| प्राथमीक बिध्यालय | : १९ (जम्मा ३३२ जिल्लामा) |

श्रोतः जिल्लाविकास समिति, मकवानपुर

## <u>भौगोलिक अवस्था</u>

मध्यमाञ्चल विकास क्षेत्र अन्तरगत पर्ने मकवानपुर जिल्लाको सदरमुकाम हैटौडाबाट सिदा पूर्व ४२ किलोमिटरमा फापरबारी गाविस पर्दछ । युद्धस्थल फापरबारी १, फुरफुरे थली हेटौडाबाट ५२ कि. मि. पूवमा पर्दछ ।

जिल्ला विकास समिति मकवानपुरले गाविसहरुको संन्तुलित एवं समानुपातिक विकासको लागि सोही अनुरुप श्रोत साधनहरुको बाँडफाँड गर्न समज बनाउने उद्देश्यले स्थानीय स्वयत्त शासन नियमावदली २०५६ बमोजिम गाविसहरुमा जनसंख्या, मोटोरबाटो, टेलिफोन, खानेपानी, साक्षरता, विमान स्थल आदि सेवा सुविधाको पहूंचमा गाविसहरुलाई क, ख, र ग बर्गमा बांडिएकोमा फापरबारी गाविसलाई <u>ग</u> वर्गमा विभाजन गरिएको छ । समुद्रीसतहदेखि करिब २०० देखि ४०० मिटर उचाइमा रहेको यो गाविस पूर्वमा सिन्धूली जिल्लासंग जोडिएको छ । उत्तरमा वेतनी गाविस र पश्चिममा छतिवन र शिखपुर गाविस तथा दक्षिण धियाल र राईगाउं सग जोडिएको छ । लडाई भएको स्थान भुरभुरे १, थली समुद्रीसतहबाट करिब २५० मिटर रहेको छ ।

मकवानपुर जिल्ला सबैभन्दा गहिरो स्थानमा रहेको राइगाउँ गाविस (१६६ मि.) संग जोडिएको फापरबारी गाविस उष्ण हावापानी रहेको छ